# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल
(प्रशासन शाखा)

पत्र संख्या :- ०७९/०८०  मिति : २०८०/०३/१९
चलानी नं.:- ४३८१

विषय : नेपाली नागरिकता सिफारिस सम्बन्धमा ।

श्री वडा कार्यालय सबै (१-११ नं.वडा)
मिथिला नगरपालिका, धनुषा ।

उपरोक्त सम्बन्धमा जन्मसिद्ध नागरिकता किसिम प्राप्त गरेको नेपाली नागरिकको सन्तानलाई नयाँ नागरिकताको सिफारिस गर्दा जि.प्रशा.का.धनुषाको प.सं ०७९/०८०(प्रशा.) च.नं.१२५२५ मिति २०८०/०३/१९ को पत्र बमोजिम गर्नुहुन अनुरोध छ। साथै जिल्ला प्रशासन कार्यालय धनुषा, जनकपुरधामको पत्र यसै पत्रसाथ संलग्न गरि पठाईएको व्यहोरा समेत अनुरोध छ ।

२०८०/०३/१९

२०८०/०३/१९

.............................
बसन्त न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, धनुषा

जनकपुरधाम

कार्यालय :-०४१-४२००७५
०४१-४२०५१०
E-mail : daodhanusha@moha.gov.np

पत्र संख्या : ०७९/०८०(प्रशा.)
चलानी नं.: १२५५२५

मिति :- २०८०/०३/१९

विषय : नागरिकता सिफारिस सम्बन्धमा।

श्री स्थानीय तह सबै,
धनुषा ।

प्रस्तुत विषयमा नागरिकता सिफारिस गर्दा आवश्यक पर्ने कागजातहरुलाई मिति २०८०/०३/०८ को परिपत्र गरिएको व्यहोरा स्मरण गराउँदै छ । नागरिकता प्राप्तिका लागि अनलाइन (https://dhanusa.appnepal.com) मार्फत टोकन लिने व्यवस्था प्रणालीको व्यवस्था मिलाइकोले तहाँ कार्यालयमा जन्मको आधारमा नागरिकता प्राप्त गरेको व्यक्तिको सन्तानलाई नागरिकता सिफारिस गर्दा तहाँ कार्यालयबाट अनलाइन मार्फत टोकन भराउने व्यवस्था मिलाउनु हुन अनुरोध छ । यस कार्यालयमा नागरिकता प्राप्तिका लागि आउने सेवाग्राहीहरु मध्ये कतिपयको आवश्यक कागजातहरु नलिई आउने गरेकोले पटक पटक वडा कार्यालयमा धाउनु पर्ने बाध्यता रहेको छ । तहाँ कार्यालयबाट आवेदकको स्थायी बसोबास प्रमाणित गर्दा वडा समितिबाट चारकिला समेत खुलाई पठाउनु हुन समेत अनुरोध छ साथै सेवाग्राहीलाई टोकन प्राप्त भएको मितिमा आवश्यक कागजात तथा सनाखत गराउने व्यक्ति सहित यस कार्यालयमा उपस्थितिको लागि जानकारी गराइ दिनु हुन अनुरोध छ ।

<u>तपसिल</u>

१ अनुसूची-१
२ बाबु र आमाको नागरिकता प्रमाण पत्रको प्रतिलिपि/(हजुर बुबाको समेत नागरिकताको प्रतिलिपि उपलब्ध भएमा)
३ जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि
४ बुवा र आमा तथा नागरिकताका लागि आवेदन दिने व्यक्ति बीच फोटो सहितको नाता प्रमाणित प्रतिलिपि
५ बाबु र आमाको मतदाता परिचय पत्रको प्रतिलिपि
६ स्थानीय तहबाट स्थायी बसोबास प्रमाणित/किटानी सिफारिसको प्रतिलिपि
७ पारिवारिक विवरण (नेपालमा कहिले देखि बसोबास गरेको तथा हाल के पेशामा संलग्न रहेको खुलेको कागजात)
८ चारकिला समेत खुलेको स्थायी बसोबास प्रमाणित वडा समितबाट हुनुपर्ने ।
९ बुवा आमा बिच विवाहदर्ता/विवाह प्रमाणित प्रतिलिपि
१० बुवा र आमाको मृत्यु भएको भए मृत्युदर्ता प्रमाण पत्र प्रतिलिपि ।

प्रमुख जिल्ला अधिकारी

मिथिला नगरपालिका
ढल्केबर, धनुषा
दर्ता नं.- 9002५
मिति.. २०८०।३।१९

नेपाल सरकार
गृह मन्त्रालय

कार्यालय -०४१-५२००७५
०४१-५२०५१०
E-mail : daodhanusha@moha.gov.np

# जिल्ला प्रशासन कार्यालय, धनुषा

जनता ... नाम
नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय धनुषा

पत्र संख्या : ०७९/०८०(प्रशा.)
चलानी नं.: १२४८५

११ बुवा र आमा वा सन्तानको नामको जग्गाधनी प्रमाण पुर्जा, मोहियानी हकको प्रमाण पत्र भए सो प्रमाण
१२ शैक्षिक प्रमाणपत्र (SEE वा सो भन्दा माथि) को प्रतिलिपि
१३ विद्युत/खानेपानी/टेलिफोनको बिल लगायत अन्य कागजात
१४ घरधुरी प्रमाण पुर्जा तथा नक्सा पास र स्वीकृतीको प्रतिलिपि
१५ कम्तीमा २ जना वडा सदस्य सहित छिमेकीहरु गरी ५ जनाको वडा मुचुल्का
१६ २०६३ को टोलीले नाबालक दर्ता गरेको भए सोको निस्सा
१७ स्थायी बसोबास प्रमाणित वडा सदस्यहरुबाट हुनेपर्ने ।

२०८०।६।१३

(काशि राज दाहाल)
प्रमुख जिल्ला अधिकारी